# मार्मा गाउँपालिका राजपत्र

खण्डः ८ संख्याः७ मितिः २०८२/०३/११

भागः १

## मार्मा गाउँपालिकाको बजेट बक्तव्य, २०८२

गाउँ सभामा पेश मितिः २०८२/०३/१०
गाउँ सभाबाट पारित मितिः २०८२/०३/१०
प्रमाणिकरण मितिः २०८२/०३/१०
राजपत्रमा प्रकाशित मितिः २०८२/०३/११

**मार्मा गाउँपालिका**
**लटिनाथ दार्चुला**
**सुदूरपश्चिम प्रदेश नेपाल**

यस मार्मा गाउँपालिका गाउँ सभाको सत्रौ अधिबेशनका अध्यक्ष एवम् मार्मा गाउँपालिका अध्यक्ष ज्यू,वडा अध्यक्षज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभाका सदस्य ज्यूहरु, मार्मा गाउँपालिकाका शाखा प्रमुख ज्यूहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार मित्रहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु |

**उपस्थित महानुभावहरु,**

मार्मा गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट सार्बजनिकिकरण समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका सम्पूर्ण उपस्थित महानुभावहरुमा मार्मा गाउँपालिका परिवार तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।
स्थानीय सरकार नेपाली जनताको त्याग बलिदान र लामो संघर्ष पश्चात प्राप्त भएको हो ।यस अवसरमा लोकतान्त्रिक गणतन्त्रप्राप्तिको लागि जनयुद्द जनआन्दोलन, मधेश आन्दोलन, लगायतका पटक पटक भएका जनआन्दोलनका ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जलीअर्पण गर्दछु,साथै विभिन्न आन्दोलनका क्रममा घाइते बेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।जनताका प्रतिनिधिहरु मार्फत जारी भएको संबिधानको परिधि भित्र रही यस मार्मा गाउँ सभाको सत्रौ अधिबेशनमा बजेट प्रस्तुत गर्न गइरहेको छु ।

विश्वको बिभिन्न क्षेत्रमा देखापरेको द्वन्द भू राजनीतिक तनाव तथा बिभिन्न बिदेशी दात्री निकायहरुबाट प्राप्त हुने आर्थिक सहयोगको स्थगन तथा कटौतीले बिश्व ब्यापी रुपमा आपूर्तिका शृंखलाहरुमा पर्न गएको अवरोधका कारण बिश्व बजारमा देखापरेको मन्दीको असरले नेपाललाई समेत प्रभाव पारेको छ | राजश्व र आम्दानीका प्रायः श्रोतहरु संघीय सरकारले आफ्नो नियन्त्रणमा राख्ने तर स्थानीय तह प्रतिको दायित्व पुरा गर्न संघीय सरकार गम्भीर नबन्नुको कारण संघीय सरकारबाट स्थानीय तहले प्राप्त गर्नु पर्ने वित्तीय हस्तान्तरणमा समेत नकारात्मक असर पुगेको छ जसको कारण पालिकाले शुरु गरेका बिकाश निर्माणका कार्यक्रमहरु सम्पन्न गर्न ढिलाई हुन पुगेको छ | हामी माझ एकातर्फ आन्तरिक आम्दानीका श्रोतहरुको अभाव रहेको छ भने अर्को तर्फ जनशक्ती तथा श्रोत साधनको अभाव जस्ता कारणले अपेक्षित उपलब्धीहरु हासिल गर्न समस्या रहेता पनि संघियताको मर्म र जनताको भावना अनुरुप उपलब्धि हासिल गर्न मार्मा गाउँपालिका निरन्तर प्रयासरत रहनेछ।

हालसम्मको प्राप्त उपलब्धीहरुलाई थप मजबुत तथा संस्थागत गर्दै नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन र आगामी वर्षको नीति तथा कार्यक्रमले राखेका लक्ष्यहरु कार्यान्वयन गर्न आ.व.२०८२/०८३का लागि बजेट पेश गर्न गईरहको छु।

**आ.व.२०८२/०८३ को बजेट निर्माण गर्दा तपसीलका पक्षहरुमा ध्यान दिएको छ।**

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकार र प्रदेश सरकारले निर्धारण गरेका नीति तथा सिद्वान्तका साथै मार्मा गाँउपालिकाको नीति तथा कार्यक्रम, मार्मा गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आर्थिक ऐन २०८२, विनियोजन ऐन २०८२ एवं मार्मा गाँउपालिका आम जनसमुदायहरु लगायत गाउँसभाका सदस्यज्युहरुको सुझावलाई समेत समेटी यो बजेट निर्माणमा ध्यान पुर्याएको छ ।

- ✓ मार्मा गाउँपालिकाको भौगोलिक, आर्थिक, समाजिक तथा सांस्कृतिक विविधताका पक्षहरुमा ध्यान दिएको छ।
- ✓ **समृद्ध मार्मा सुखी मार्माली** भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, लक्ष्यन्मुख र यथार्त परक पक्षहरुलाई मध्यनजर गर्दै बजेटको ढाँचा तयार गरिएको छ।
- ✓ दिगो विकासका लक्ष्य, १६औं पन्च बर्षिय योजना र मार्मा गाउँपालिकाको आवधिक एवम मध्यकालिन खर्च संरचनाको आधारमा तयार गरेको छ ।
- ✓ गाउँपालिकाले संघीय एवं प्रदेश सरकारवाट प्राप्त गरेका बिभिन्न अनुदानहरु, राजश्व बाँडफाँड तथा मार्मा गाउँपालिकाको आन्तरिक श्रोत साधनलाई ध्यान दिई बजेट तर्जुमा गरेको छ ।
- ✓ संघियताको मर्म र जनताका महत्वाकांक्षाकालाई मध्यनजर गरि सिमित स्रोत साधनको बाबजुत पनिसम्यक विकासको चाहाना पुरा गर्न मौजुदा कानुनी व्यवस्थाको परिधीमा रही बजेट तर्जुमा गरेको छ।
- ✓ बजेट तर्जुमा गर्दा नागरिकको स्वास्थ, सुरक्षा, उत्पादन र आर्थिक उपार्जन, रोजगारी सिर्जना क्रमागत योजना सम्पन्नता लक्षित पुर्वाधार विकासका साथै आयआर्जन र उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने जस्ता पक्षलाई समेटेको छ।
- ✓ मानव संसाधन बिकाश र रोजगारी शृजना गर्ने गरि बजेटको तर्जुमा गरेको छ ।

**उपस्थित महानुभावहरु,**

**आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका मूख्य उदेश्यहरु देहाय अनुसार रहेका छन ।**

- ✓ आगामी आ.व.०८१/०८२को बजेटको मूल मार्गदर्शन **पालिका गौरवका आयोजनाहरुको कार्यान्वयन तथा निर्माणाधीन आयोजनाहरुको पूर्णता दिने** दिशामा केन्द्रित रहेकोछ ।
- ✓ गाउँपालिकामा रहेको गरिबीलाई न्यूनीकरण गर्न तयार पारिएका रणनीतिक योजना जीविकोपार्जन र स्रोत साधनको परिचालनमा सवैको समान पहुँच हुने गरि कार्यक्रमहरु तय गरिएका छन।
- ✓ गाउँपालिकाको नीतिगत,संस्थागत सुधार गर्न आवश्यक बजेटको व्यवस्था सहित कार्यक्रम तय गरिने छ।
- ✓ शैक्षिक तथा स्वास्थ्यक्षेत्रलाई थप व्यवस्थित, विश्वसनिय र सेवा प्रवाहलाई चुस्तता दिनकोलागि भौतिक पुर्वाधार स्थापनाका साथै जनशक्ति व्यवस्थापनलाई प्राथमिकताका साथ अगाडी बढाउने,
- ✓ सुशासन र पारदर्शिता मध्यनजर गरी विकासका आयोजना एवं कार्यक्रमहरु लाई नतिजा मुलक, बिस्वसनिय, उत्पादनमुलक र भरपर्दो बनाउने ,
- ✓ सामाजिक तथा आर्थिक रुपले पछाडी परेका वर्गहरु एवं बेरोजगार युवाहरुलाई रोजगार सृजना गरी आत्मनिर्भर तर्फ उन्मुख गराउने,
- ✓ समाजमा पछाडी परेका र सिमान्तकृत वर्गहरुलाई विकासको मुल प्रवाहमा समेटिने छ | जवाफदेही, उत्तरदायी तथा पारदर्शी संयन्त्र सहितको योजना तथा कार्यक्रम कार्यान्वयनको सुनिश्चिता,
- ✓ उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी गाउँपालिकाको पुर्वाधार विकासको सम्भावनालाई उजागर गर्ने,

*उपस्थित महानुभावहरु*

आगामी आर्थिक बर्ष २०८२/०८३ को मार्मा गाउँपालिकाको अनुमानित आय संघीय सरकार, सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण, शसर्त, बिशेस, समपुरक अनुदान, राजश्व बाँडफाँड, मार्मा गाउँपालिकाको आन्तरिक राजश्व र चालु आ.व. को बैंक मौज्दाज देहाय बमोजिम पेश गर्दछु।

- ✓ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु.१० करोड ८० लाख |
- ✓ संघीय सरकारबाट प्राप्त हुने शसर्त (चालु) अनुदान रु.१६ करोड ८६ लाख |
- ✓ संघीय सरकारबाट प्राप्त हुने शसर्त (पुजीगत) अनुदान रु.१ करोड ३६ लाख |
- ✓ संघीय सरकारबाट प्राप्त हुने विषेश अनुदान (चालु तर्फ) रु.१ करोड १२ लाख ।
- ✓ संघीय सरकारबाट प्राप्त हुने विषेश अनुदान (पुजीगत तर्फ) रु.१ करोड ४८ लाख ।
- ✓ संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान (पुजीगत तर्फ) रु.१ करोड ।
- ✓ संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त हुने रु.९ करोड ६१ लाख ६२हजार |
- ✓ प्रदेश सरकार समानीकरण अनुदान रु.९९ लाख १९हजार ।
- ✓ प्रदेश सरकार राजश्व बाँडफाँड अनुदान रु.२२ लाख ८६ हजार।
- ✓ प्रदेश सरकार समपुरक अनुदान (पुजीगत तर्फ) रु.४५ लाख।
- ✓ प्रदेश सरकार बिशेष अनुदान (पुजीगत तर्फ) रु. ६० लाख ।
- ✓ प्रदेश शसर्त (पुजीगत तर्फ) रु. ७० लाख ।
- ✓ आन्तरिक आय रु. ६०लाख।
- ✓ चालु आ.व.को बैंक मौज्दात रु. १२लाख।

माथि उल्लेखित संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, शसर्त अनुदान, बिशेष अनुदान, समपुरक अनुदान, मार्मा गाउँपालिकाको आन्तरिक राजश्व र चालु आ.व. को मौज्दात समेतका आधारमा आगामी आर्थिक वर्ष २०८२/०८३को चालु,र पुँजीगत गरी कुल बजेट रु४५ करोड ९२ लाख ६७ हजारअनुमान गरेको छु ।

**उपस्थित महानुभावहरु ,**

**अब म आर्थिक बर्ष २०८२/०८३ को व्यय अनुमान प्रस्तुत गर्दछु।**

गाउँपालिकाको कुल विनियोजित बजेट रु.४५करोड ९२लाख ६७हजार मध्ये चालु तर्फ रु.३६करोड २७लाख ३०हजार (७९प्रतिशत) र पुजीगत तर्फ रु ९करोड ६५लाख ३७हजार (२१प्रतिशत) खर्च हुने अनुमान गरेको छु ।

**आर्थिक बर्ष २०८२/०८३ को बजेट सारांश तपसिल अनुसार रहेको छ |**

- स्थानिय जनताको आर्थिक बिकाश गर्न एवम कृषि क्षेत्रको बिकास तथा १० बर्षे कृषि रणनीति कार्यक्रम कार्यान्वयन गर्न, **गर्व गरौ रैथाने बालीमा उत्पादन बढाउ बालीनालीमा, कुटोकोदालो छ हातमा मार्मा सरकार छ साथमा** लगायतका कार्यक्रम संचालन गर्न एवम कृषकको उत्पादन, आम्दानी बढाउन, आर्थिक बिकाश गर्न संघिय सरकारबाट प्राप्त बजेटमा गाउँपालिकाबाट थप रु १५ लाख बिनियोजन गरेको छु।
- गाउँपालिका अन्तर्गत संचालनमा रहेको **एक गाउँ एक उत्पादन कार्यक्रमलाई** निरन्तरता दिई आवश्यक बजेटको व्यवस्थापन गरेको छु|
- कृषिक्षेत्रलाई बिशिस्टिकरण, आधुनिकीकरण, यान्त्रिकिकरण र व्यवसायीकरणको लागि साझेदार निकायहरु सँग समन्वय गरि आवश्यक बजेटको व्यवस्थापन गरेको छु|
- पशुपंक्षी क्षेत्रको समग्र बिकास तथा कार्यक्रमको लागि संघीय सरकारबाट प्राप्त बजेटमा कृषकको मुख्य आम्दानीको श्रोतको रुपमा रहेको बाख्रापालन, भैसीपालन, माछापालन, कुखुरा पालन लगायतका कार्यक्रम संचालन मार्फत पकेट क्षेत्र बिस्तार गर्न संघीय सरकारको बिशेसअनुदान मार्फत रु.१ करोड१२लाख बजेट ब्यवास्थापन सहित मार्मा गाउँपालिकाबाट थप रु.२०लाख बिनियोजन गरेको छु।
- नश्ल सुधार सेवा कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान मिसन कार्यक्रमकालागि आवश्यक बजेटको व्यवस्थापन सहित निरन्तरता दिएको छु|
- गुल्जर साँस्कृतिक तथा पर्यटकीय पूर्वाधार क्षेत्र बिकास कार्यक्रम र लटिनाथ सांस्कृतिक पूर्वाधारका निर्माण कार्य आगामी आ.व.मा पनि निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु|
- लटिनाथ खेल मैदान र तपोवन खेलमैदान निर्माण तथा व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- रोजगारी तथा आम्दानीको मुख्य श्रोतको रुपमा रहेका अहिले संचालनमा रहेका साना तथा मझौला उद्योगहरुलाई निजि क्षेत्र तथा बिभिन्न दात्री निकाय **LACC**(लक)परियोजनाको साझेदारीमा थप व्यवस्थित गरि उत्पादित बस्तुको गुणस्तर सुधार लगायत बजारीकरण गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु|
- स्थानीय उद्यम र उद्यमी प्रवर्धन गर्ने, स्वरोजगारसृजना गर्ने उद्धेश्य सहित पालिकामार्फत संचालित लघुउद्यम बिकास कार्यक्रमको लागि संघीय सरकारबाट प्राप्त भएको बजेटमा

कार्यक्रमलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

- स्थानीय बेरोजगार युवाहरुलाई रोजागारी प्रदान गर्न रास्ट्रिय रोजगार एवम् युवा रोजगारीका लागि संघीय सरकारबाट रु.३०लाख ७२हजार प्राप्त बजेटमा पालिकाबाट शतप्रतिशत रु.३०लाख ७२हजार थप गरि कार्यक्रमलाई निरन्तरता दिएकोछु साथै रास्ट्रिय रोजगार कार्यक्रमका लागि आवश्यक बाह्य सामाग्री आपूर्ति गर्न एवम अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत बेरोजगार युवाहरुलाई गाउँपालिका भित्रै रोजगारी सिर्जना गर्ने नीति अनुसार थप रु.२० लाख बजेट बिनियोजन गरेको छु|
- बैदेशिक रोजगारी सम्बन्धि जानकारी गराउन र फर्की आएका युवाहरुलाई सिप सहितको जीविकोपार्जन कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्थापन सहित सामी (SAMI) कार्यक्रम संचालनमा ल्याएको छु |
- स्वास्थ्य क्षेत्र सुधार तथा व्यवस्थापन गर्न संघीय सरकारबाट प्राप्त भएकोस्वास्थ्य क्षेत्र व्यवस्थापन अन्तर्गत क्षमता बिकास, स्वास्थ्यकर्मी परिचालन, बिशेषज्ञ स्वास्थ्य सेवा, यान्त्रिकीकरण, स्वास्थ्य कर्मी प्रोत्साहन,महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई थप प्रोत्साहन सहित रु.२ करोड ४३लाख ६०हजार बजेट विनियोजन गरेको छु। भने आगामी आ.व. देखि निर्माण सम्पन्न गरिएको१०शैय्या अस्पताल भवन मार्फत सेवा सुचारु गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु|
- मार्मा गाउँपालिका अन्तर्गत वडानं.-२मा निर्माण सम्पन्न भएको मार्मा १०-शैय्या अस्पतालको निर्माण बाफत भुक्तानी गर्न बाकि रहेको दायित्व बहन गर्न संघीय सरकार मार्फत रु.१करोड ३०लाख बजेटको व्यवस्थापन गरेको छु|
- नवनिर्मित१०-शैय्या अस्पताल भवनबाट सेवा संचालन गर्न आवश्यक उपकरणका लागि प्रदेश सरकारको बिशेस अनुदान मार्फत रु.३०लाख बजेट व्यवस्थापन गरेको छु|
- वडा नं.५ मा निर्माणाधीन अवस्थामा रहेको सितोला स्वास्थ्य चौकी भवन निर्माण कार्यलाई आगामी आ.व.मा सम्पन्न गरि सेवा संचालनमा ल्याउन संघीय सरकारको बिशेस अनुदान मार्फत रु.१करोड ३लाखका साथै थप १४ लाख ७२ हजार बजेट व्यवस्थापन गरेको छु ।

- वडा नं. ३को रिलबस्तीमा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण गर्नको प्रदेश सरकारको समन्वयमा प्रदेश समपुरक अनुदान बाफत रु.४५लाख प्राप्त भएकोमा साझेदारिको लागि पालिकाबाट थप रु.१५लाख बजेट बिनियोजन गरेको छु|
- बग्जेबला सामुदायिक स्वास्थ्य इकाई र मर्मीति सामुदायिक स्वास्थ्य इकाई स्थापना एवम व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु|
- **उपाध्यक्ष पोषण कोशेली** कार्यक्रम निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई दिदै आएको सेवा सुविधामा मनोबल उच्च पार्न एवम उत्प्रेरणा स्वरूप रु.५००ले वृद्धि गरेको छु|
- **एकल महिला लक्षित** कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु |
- **महिला सशक्तिकरण, उद्धमसिलता, सिप बिकाश तथा व्यवसायिकता कार्यक्रम**को लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु |
- आरोग्य सेवा केन्द्र मार्फत बृद्ध बृद्धा तथा अन्य सबैलाई सेवा प्रदान गर्न आवश्यक बजेटको व्यवस्था गरि निरन्तरता गरेको छु |
- बहु क्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन संघीय सरकारबाट रु.७लाख बजेट विनियोजन भै आएकोमा कार्यक्रम निरन्तरताको लागि मार्मा गाउँपालिकाबाट समेत आवश्यक बजेटको व्यवस्थापन गरेको छु |
- अध्यक्षसंग नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत चिकित्सक सहितको घरभेट कार्यक्रम, स्वास्थ्य परिक्षण तथा उपचारका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु |
- गर्भवती महिला तथा बालबालिकाहरुको पोषण स्थितिको लेखाजोखा गरि कुपोषण न्यूनीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
- स्वस्थ नागरिक स्वस्थ्य समाजलाई ध्यान दिदै दैनिक योगाभ्यासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- एकीकृत घुम्ती शिबिरमार्फत कृषि, स्वास्थ, पशु स्वास्थ्य, लगायत अन्य सम्पूर्ण सेवा स्थानीय जनताको घरदैलोमै उपलब्ध गराउने उद्धेश्यले एकीकृत घुम्ती शिबिरका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु |

- स्थानिय जनतालाइ उपलब्ध गराउदै आएको स्वास्थ्य सेवा सुबिधा सहज र गुणस्तरीय बनाई एम्बुलेन्स सेवालाइअझै व्यवस्थापन गरि सेवा निरन्तरता दिन आवश्यक बजेटको व्यस्थापन गरेको छु ।
- मार्मा गाउँपालिका अन्तर्गत बिभिन्न वडा तथा बस्तीमा खानेपानीको आपूर्ति लगायत दिगो मर्मत सम्भारका लागि जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको समन्वयमा एक घर एक धारा नीति अनुरुप कार्यक्रम संचालन गरि खानेपानीको आपूर्ति गरिदै लगिनेछ र साथै जलवायु परिवर्तनका असरहरु न्युनिकरण गर्नको लागि बिभिन्न कार्यक्रम संचालन गर्न उक्त कार्यक्रम सित साझेदारीमा संचालन एवम व्यवस्थापन गर्न परियोजनाबाट प्राप्त हुन आएको बजेटमा पालिकाबाट थप रु. ७० लाख बिनियोज नगरेको छु ।
- सफा मार्मा अभियान अन्तर्गत मार्मा गाउँपालिका बजार एवम अन्य स्थानबाट निस्कने फोहोरलाइ व्यवस्थापन गर्न डम्पिंग साइटका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु।
- मार्मा गाउँपालिका अन्तर्गत रहेका बिभिन्न बस्तिहरुमा सिचाइको अभावले जग्गा बाझो हुन नदिन एवम उत्पादन वृद्धि गरि आम्दानीमा समेत वृद्धि गर्ने उद्धेश्य अनुरुप सिचाई लगायत बहुउपयोगी योजनाहरु संचालनका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु
- शैक्षिक क्षेत्र संचालन, व्यवस्थापन एवम उक्त क्षेत्रको समस्या सामाधान गर्ने गरि पालिकाको शैक्षिक सुधार कार्यक्रम अन्तर्गत संघीय सरकारबाट प्राप्त हुन आएकोमा थप शैक्षिक क्षेत्र सुधार तथाकर्मचारी प्रोत्साहन शिक्षा क्षेत्रमा रहेको समस्या समाधान गर्न मार्मा गाउँपालिकाबाट रु.३ करोड ५५लाख २१हजार बजेट बिनियोजन गरेको छु, जस अन्तर्गत लटिनाथ बहुमुखी क्याम्पस लगायत बिद्यालयहरुलाई दिदै आएको अनुदानलाइ आवश्यकताको आधारमा अनुदान उपलब्ध गराउनका लागि रु.४७ लाख बिनियोजन गरेको छु ।
- गाउँपालिका अन्तर्गत बिध्यालयहरुमा रहेका स्वयं सेवक शिक्षकहरुको मनोबल उच्च पार्न एवम प्रोत्साहन स्वरूप दिदै आएको सेवा सुविधामा थप वृद्धि गरेको छु ।
- गाउँपालिका अन्तर्गत संचालनमा रहेको दिवा खाजा कार्यक्रम दात्री निकायबाट नियमित प्राप्त हुने अनुदान स्थगन हुन गएकाले कार्यक्रम संचालन एवम व्यवास्थापन गर्न उपलब्ध गराउदै आएको बजेटमा वृद्धि गरि रु.२५लाख बिनियोजन गरेको छु ।

- बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न नवनिर्मित एवम आवश्यक रहेका बिद्यालयहरुमा शैक्षिक सामाग्री, फर्निचर लगायत सामाग्री उपलब्ध गराउन प्रदेश सरकारको बिशेस अनुदानमार्फत रु.३०लाख व्यवस्थापन गरेको छु ।
- बिद्यालय क्षेत्र सहयोगका लागि आवश्यक बजेटको ब्यावस्थापन गरेको छु ।
- जिल्लास्तरीय, पालिकास्तरीय, रास्ट्रपति रनिंग शिल्ड प्रतियोगिता जस्ता खेलकुद एवम अन्य स्थानीय स्तरका खेलकुद कार्यक्रम संचालन गर्न र मार्मा गाउँपालिकाको खेलकुद क्षेत्रको पहिचान बढाउन र खेलाडीहरुलाई प्रोत्साहन गर्ने नीति अनुरुप कार्यक्रम निरन्तरताका लागि रु.२० लाख बिनियोजन गरेको छु।
- **"स्वस्थ्यका लागि खेलकुद, राष्ट्रको लागि खेलकुद"** भन्ने मान्यताको आधारमा बिभिन्न प्रकारका खेल संचालन तथा व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु।
- नमुना बाल बिकाश केन्द्र छनौट गरि व्यवस्थापनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- पारीबगड-गुल्जर-परमचुला सडकको निर्माण कार्यलाई निरन्तरता दिन रु.२०लाख बिनियोजन गरेको छु ।
- शेरी निम्ठा सडक निर्माणका लागि संघीय समपुरक कोष मार्फत रु. १ करोड बजेटको व्यवस्थापन गरिएको छ ।
- बर्खायाममा बर्षातले अवरुद्ध हुने पालिका भित्र रहेका ग्रामिण क्षेत्रका सडक सुचारु गर्नको लागि आवश्यक बजेट नियोजन गरेको छु ।
- लामबगर मटेला सडक निर्माणका लागि प्रदेश सरकारबाट हस्तान्तरित रु २० लाख बजेट विनियोजन गरेको छु।
- पालिका अन्तर्गतका बिभिन्न ठाउँका खोलानालाहरुमा आवत जावत भइरहेको कठिनाइ समाधान गर्न एवम स्थानीय समुदायलाई सेवा उपलब्ध गराउन झोलुङ्गे पुल क्षेत्र सहयोग कार्यक्रम संचालन गर्न संघीय सरकारमार्फत आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- विद्युतीकरण हुन बाकी रहेका बस्तीमा विद्युतीकरण गर्न संघीय सरकारको समन्वयमा कार्यक्रमका लागि आवश्यक व्यवस्थापन गरेको छु ।

- वडानं.३को वडा कार्यालय भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- आगामी आ.व.मा पनिसंघीय बिशेस अनुदान अन्तर्गतमार्मा गाउँपालिका वडा नं.४ मा रहेको तपोवन मा.बि. पडपडा बिद्यालय भवन निर्माण सम्पन्न गरि बिद्यालय संचालन गर्न रु४५ लाख बजेटको व्यवस्था गरेको छु । ।
- १०-बर्षे जनयुद्धको क्रममा सहादत प्राप्त गर्ने शहिद परिवारहरुका लागि सम्मान वाफत दिदै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिदै आगामी आ.वका लागि पनि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- सहिद छात्रवृत्ति कोष निरन्तरता दिन आवश्यक बजेटको व्यवस्थापन गरेको छु । सो कोष मार्फत दलित,बिपन्न तथा शहिद परिवारका बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गरिनेछ।
- मार्मा गाउँपालिकाभित्र स्थायी वसोवास भएका र मार्मा गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयबाट एस.ई.ई.परीक्षा उत्तीर्ण गरेका गरिब, जेहेन्दार, उत्कृष्ट बिद्यार्थी मध्ये प्रति बर्ष एक जना विद्यार्थीलाइ एम.वि.वि.एस. अध्ययन गर्न बार्षिक रु १० लाख विनियोजन गरि कार्यक्रमलाई आगामी आ.व.मा पनि निरन्तरता दिएको छु ।
- गाउँपालिकाभित्र रहेका अनाथ बालबालिकाहरुको शिक्षामा पहुँच सुरक्षित गर्न एवम सुरक्षित जीवन यापन तथा अधिकार सुरक्षित गर्न अध्यक्ष संरक्षण कार्यक्रमका लागि रु.१२ लाख बिनियोजन गरेको छु ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुको क्षमता बिकास तथा पालिका क्षेत्रमा गरिने अभियानात्मक क्रियाकलापहरुका लागि आवश्यक बजेट सहित कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- गाउँपालिका न्यायिक समितिबाट सम्पादन गरिने क्रियाकलापहरुलाई संचालन गर्न तथा वडा मेलमिलाप केन्द्र व्यवस्थापन गर्न आगामी आ.व.मा पनि कार्यक्रम निरन्तरता दिन रु.१०लाख बजेट बिनियोजन गरेको छु।
- बर्खायाम लगायत बिभिन्न समयमा आइ पर्ने विपदको सामना गर्न तथा प्रतिकार्य गर्न गाउँपालिका प्रकोप व्यवस्थापन कोष मार्फत विपद जोखिम न्यूनीकरण गर्न रु.२०लाख बजेट बिनियोजन गरेको छु।

- मार्मा गाउँपालिका अन्तर्गत बिभिन्न ठाउँमा हुन सक्ने सम्भावित विपद न्यूनीकरण गर्न बायो-इन्जिनियरिंग, तथा वृक्षारोपण गर्न आवश्यक बजेट बिनियोजन गरेको छु
- जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको साझेदारीमा वन तथा वातावरण क्षेत्रको संरक्षण गर्न स्थानी यजनताको आर्थिक वृद्धि गर्न बास्नादार एवम आम्दानि हुने बिरुवा बृक्षारोपण कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- वडा कार्यालयहरुबाट संचालन तथा कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि रु.१करोड ४०लाख बजेट बिनियोजन गरेको छु।
- पालिका एवम वडा कार्यालय सुचना प्रबिधिमैत्रि बनाउन तथा पेपरलेस बनाउन सेवा छिटो छरितो, चुस्त दुरुस्त बनाउन इन्टरनेट जडान तथा भरपर्दो तुल्याउन आवश्यक बजेटको व्यवस्थापन गरेको छु
- मार्मा गाँउपालिका भित्र संचालन गर्न सकिने सम्भावित योजना तथा परियोजना संचालन गर्नको लागि प्रारम्भिक अध्ययन अनुसन्धन गर्न आवश्यक बजेको व्यवस्थापन गरेको छु|
- बिभिन्न विकास निर्माणका कामहरु संस्थागत तथा अन्य नविनतम कार्य संचालन गरी सुशान प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु।
- मार्मा गाउँपालिकाको नीति अनुरुपमा कर्मचारीको मनोबल उच्च पार्न एवम नागरिक हक सुरक्षित गर्न सबै कर्मचारिहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न आवश्यक बजेटको व्यवस्थापन गरेको छु |

अन्तमा बजेट निर्माणका क्रममा सहयोग गर्नु हुने मार्मा गाउँपालिकाअध्यक्ष ज्यु, जनप्रतिनिधिज्युहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु लगायत सम्पूर्ण रास्ट्रसेवक कर्मचारीहरु, लगायत बजेट निर्माणमा सुझाव प्रदान गर्ने सम्पूर्ण महानुभावहरुमा हृदय देखि आभार प्रकट गर्न चाहन्छु ।बजेट कार्यान्वयनमा समेत यहाहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछु।

**!!!**

**धन्यवाद**